# फस्टाउँदो अनौपचारिक व्यापार

**किरण आचार्य**

काठमाडौं, १९ वैशाख

भारतीय नीति-निर्माताले नेपाललाई जति हेपे पनि, नेपालीले भारतलाई जति गाली गरे पनि दुई देशका जनताबीचको 'रोटी बेटी' सम्बन्धमा भने कुनै कमी आएको छैन । दुई देशका नागरिकबीचको व्यक्तिगत सम्बन्धका कारण अनौपचारिक कृषि व्यापार पनि फस्टाउँदो क्रममा रहेको एक अध्ययनले देखाएको छ।

साउथ एसियन वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भार्नमेन्ट (सावती) ले दुई देशको सीमा क्षेत्रमा हुने अनौपचारिक व्यापारमाथि गरेको अध्ययनले बीउ-बीजन, मल र कृषि यन्त्रसमेतको कृषि सामग्रीको औपचारिकभन्दा अनौचारिक रूपमै बढी हुने गरेको देखाएको छ। "हामीले सीमित क्षेत्रमा गरेको अध्ययनले सीमा क्षेत्रमा मल, बीउ र कृषि यन्त्रको खरिद बिक्री अनौपचारिक रूपमै हुने गरेको देखाएको छ," अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै सावतिका अध्यक्ष पोषराज पाण्डेले भने, "राष्ट्रिय रूपमा करिब १ अर्ब रकम बराबरको अनौपचारिक व्यापार कृषि उपजकै हुन सक्ने अनुमान गरिएको छ।" सावतिले गरेको अध्ययन प्रतिकात्मक रहे पनि मुलुकभरको अवस्थाबारे थप अध्ययन गरी देखिएका चुनौती हटाउन पहल गर्नुपर्ने सुझाव उनको छ।

भारतको कन्जुमर युनिटी एन्ड ट्रस्ट सोसाइटी (सीयूटीएस इन्टरनेसनल) र सावतिको सहकार्यमा गरिएको अध्ययन नेपाल-भारत र भारत-बंगलादेशको सीमा क्षेत्रमा कृषि सामग्रीको अनौपचारिक व्यापारमा केन्द्रित थियो। नेपालमा भारतबाट सबैभन्दा बढी रासायनिक मल, धानको बीउ र स्प्रे मेसिन भारतीय सीमावर्ती बजारबाट अनौपचारिक रूपमा नेपालमा भित्रिएको पाइएको छ भने नेपालबाट गहुँको बीउ भारतमा जाने गरेको छ । भारतबाट धान, आलु, रासायनिक मल, ट्याक्टरका सामानहरूलगायत बंगलादेशका सीमावर्ती क्षेत्रमा जाने गरेको तथा बंगलादेशबाट धानको बीउ र सिडी पम्पलगाएतका कृषि सामग्री भारतमा अनौपचारिक रूपमा भित्रने गरेको निष्कर्ष अध्ययनको छ।



नेपाल र भारतको सीमाक्षेत्रका दुई/दुई तथा भारत र बंगलादेशको सीमा क्षेत्रका दुई/दुई नाका छनोट गरी अध्ययन गरिएको थियो । "अध्ययनका लागि छानिएका धनुषा र सुनसरीमा भारतबाट सोना मनसुली चामल, तरकारीको बीउ, डिएपी मल र स्प्रे मेसिनहरू अनौपचारिक रूपमा आयात गरिएको पाइएको छ," अध्ययन प्रतिवेदनमा भनिएको छ, "नेपालबाट गौतम र एनएल २९७ जातको गहुँको बीउ भारतको विहार राज्यको मधुवनी र अररियामा अनौपचारिक व्यापारको माध्यमबाट पुगेको पाइयो।" नेपाल-भारतबीचको सांस्कृतिक तथा सामाजिक सम्बन्धका कारण अनौपचारिक व्यापारलाई एकै पटक कम गर्न नसकिने तर यस्तो व्यापारको कारण आइपर्न सक्ने चुनौती कम गर्न सरकारले कदम चाल्नुपर्ने सुझाव प्रतिवेदनको छ।

व्यापार विज्ञ तथा पूर्वसचिव पुरुषोत्तम ओझाले वर्षौंदेखि नेपाल-भारत सीमा क्षेत्रको अनौपचारिक व्यापार व्यवस्थित गर्नुपर्ने बताए। "अध्ययनले सांकेतिकरूपमा देखाएजस्तै अनौपचारिक व्यापार बढ्दो क्रममा छ, यसका धेरै चुनौतीपूर्ण पक्ष पनि भएकाले व्यवस्थित गर्न आवश्यक छ," मंगलवार अध्ययनमाथि छलफल गर्न आयोजित कार्यक्रममा उनले भने, "नेपालको बीउ गुणस्तरीय हुने भएकाले भारतमा जाने गरेको छ, तर भारतबाट अनौपचारिक रूपमा आउने बीउ र मल गुणस्तरीयभन्दा पनि कम मूल्य पर्ने भएकाले बढ्दो छ।" खुला सीमाका कारण पनि अनौपचारिक व्यापार रोक्न सहज नभएको तर यसलाई व्यवस्थित गर्न नेपाल भारत सीमामा पायक पर्ने गरी 'बोर्डर हाटबजार' सञ्चालन गर्नुपर्ने सुझाव उनको छ।

दुई देशको सीमा नाकाहरूबाट आवत-जावत गर्न सहज हुने तथा समयको बचत हुने, सामाजिक-आर्थिक सम्बन्ध गाढा हुनु, सरकारी नीति फितलो हुनु तथा नियामक निकाय कमजोर हुनु, कम मूल्यमा उपलब्ध हुनु र कृषि सामग्रीबारे जनचेतनाको कमी हुनु समेतलाई अध्ययनले अनौपचारिक व्यापार फस्टाउनुको कारक मानेको छ । बीउ, मल र विषादीको अनौपचारिक व्यापारको जोखिम बढी भएकाले पनि सम्भावित जोखिम कम गर्नुपर्ने सुझाव अध्ययनको छ।

समस्या समाधानका लागि भारतको अनुदान प्रणालीसँग मेलखाने अनुदान प्रणाली नेपालको अनुदान प्रणाली व्यवस्थित गर्नुपर्ने, वितरण प्रणालीमा सुधार गर्नुपर्ने, कृषि उपजको गुणस्तरियता काम गर्ने सक्षम निकाय सक्रिय बनुपर्ने, प्रक्रियागत झन्झट कम गर्नुपर्ने, औपचारिक व्यापारलाई प्रोत्साहन गर्नुपर्ने र कृषक तथा उपभोक्तास्तरमा जनचेतना जगाउनुपर्ने लगायतका सुझाव अध्ययनले नीति निर्मातालाई सुझाएको छ।

कृषि विकास मन्त्रालयका सहसचिव डा. योगेन्द्रकुमार कार्कीले नेपाल भारतबीच खाद्य सामग्रीको पनि अनौपचारिक व्यापार उच्च रहेको बताए । कतिपय उपजमा औपचारिक व्यापारमै नीतिगत तथा संरचनागत समस्या रहेको बताउँदै उनले अनौपचारिक व्यापारको जोखिम कम गर्नमा मन्त्रालय प्रतिबद्ध रहेको जानकारी दिए। वाणिज्य मन्त्रालयका सहसचिव रवी सैंजुले एसपीएस र टिबीटी जस्ता मापदण्ड लागू गर्न सके अनौपचारिक तथा औपचारिक दुवै व्यापार नियन्त्रण हुने बताए। उनले नेपाल भारत द्वीदेशीय सहमतिमा एकीकृत क्वारेन्टाइन तथा प्रयोगशाला सुविधाको पहल भइरहेको जानकारी दिए।